आज मिति २०७९ साल जेठ २४ गते मंगलबारका दिन अपरान्ह १:०० बजे यस मकवानपुरगढी गाउँपालिकाका अध्यक्ष श्री दोर्जे लामा स्याइतानज्यूको अध्यक्षतामा बसेको दोश्रो गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिमका कार्यपालिका पदाधिकारीहरुको उपस्थितिमा पेश भएका उल्लेखित प्रस्तावहरु उपर छलफल गरी तपसिल बमोजिम निर्णय गरियो ।

| सि. नं. | उपस्थिति | निर्वाचित पद | कार्यपालिकामा पदाधिकार पद | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | श्री दोर्जे लामा स्याइतान, | अध्यक्ष, मकवानपुरगढी गाउँपालिका | अध्यक्ष | ९८४५४६१०८० | |
| २ | श्री मान कुमारी पाखिन, नेपाली | उपाध्यक्ष मकवानपुरगढी गाउँपालिका | सदस्य | ९८४५६४०७५५ | |
| ३ | श्री आइत सिं लो | १ नं. वडा अध्यक्ष | सदस्य | ९८५५०७१४५० | |
| ४ | श्री बखान सिं पाखिन | २ नं. वडा अध्यक्ष | सदस्य | ९८४५२७०४८० | |
| ५ | श्री भागवत घिमिरे | ३ नं. वडा अध्यक्ष | सदस्य | ९८५५०७०१४९ | |
| ६ | श्री अर्जुन प्रसाद तिमल्सिना | ४ नं. वडा अध्यक्ष | सदस्य | ९८४५०२१४८५ | |
| ७ | श्री दिपेश दाहाल | ५ नं. वडा अध्यक्ष | सदस्य | ९८४५५७७५५३ | |
| ८ | श्री कृष्ण प्रसाद वजगाँई | ६ नं. वडा अध्यक्ष | सदस्य | ९८५५०६९३२६ | |
| ९ | श्री सुर्य वहादुर रुम्बा | ७ नं. वडा अध्यक्ष | सदस्य | ९८४५१०२६३७ | |
| १० | श्री कुमार सिं घिसिङ | ८ नं. वडा अध्यक्ष | सदस्य | ९८५५०७०६६१ | |
| ११ | श्री पातलीमाया गोले | कार्यपालिका सदस्य, वडा नं. २ | सदस्य | ९८४५६८८३९६ | |
| १२ | श्री मन्जु कुमारी गोले योञ्जन | कार्यपालिका सदस्य, वडा नं. ३ | सदस्य | ९८४०४००३४० | |
| १३ | श्री फुलमाया टुप्पा | कार्यपालिका सदस्य, वडा नं. १ | सदस्य | ९८४५९७८४८१ | |
| १४ | श्री नन्द कुमारी विश्वकर्मा (सुनार) | कार्यपालिका सदस्य, वडा नं. ५ | सदस्य | ९८६५०३२१६४ | |
| १५ | श्री दुर्गा वहादुर विश्वकर्मा | कार्यपालिका सदस्य, वडा नं. ३ | सदस्य | ९८४५२७०१०९ | |
| १६ | श्री सावित्री विश्वकर्मा | कार्यपालिका सदस्य, वडा नं. ५ | सदस्य | ९८४५४६०६०३ | |
| १७ | श्री रामकुमार पुडासैनी प्रमुख प्रशासकिय अधिकृत | - | सदस्य-सचिव | ९८५५०८८९६६ | |

Scanned with CamScanner

दोस्रो गाउँ कार्यपालिका बैठक मिति: २०७९ जेठ २४ गते, मंगलबार

**प्रस्तावहरु:**

१. हालसम्म कार्यान्वयन भएका योजना तथा अघिल्लो कार्यपालिका बैठक समिक्षा ।
२. विभिन्न समितिहरुको पुनर्गठन तथा निर्मित समिति पूर्णता सम्वन्धमा ।
३. पहिलो गाउँसभा कार्यतालिका सम्वन्धमा ।
४. वडा योजना छनौट तथा मार्गदर्शन सम्वन्धमा ।
५. वालभैंची गाउँपालिका घोषणा समारोहको खर्च अनुमोदन सम्वन्धमा ।
६. विविधका सम्वन्धमा ।

**निर्णयहरु:**

आजको गाउँ कार्यपालिकाको दोश्रो बैठकबाट देहाय बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. योजना समिक्षा तथा कार्यपालिका बैठक समिक्षा सम्वन्धमा देहाय वमोजिम गर्ने,

- बजेटमा परेको तर हालसम्म सम्झौता नभएको योजनाहरु तथा सम्झौता भएको तर कार्यान्वयनमा नआएका योजनाहरु तथा कार्यपालिकाबाट निर्णय भएको र तोक आदेश भई सम्झौता र कार्यान्वयन नभएका योजनाहरु रोक्ने,
- सम्झौता भई कार्यान्वयनमा रहेका योजनाहरु स्रोत उपलब्ध भए सम्म कार्यसम्पन्न पश्चात् चालु आर्थिक वर्ष भित्रै फछ्यौंट गरी भुक्तान गर्ने तर स्रोत उपलब्ध हुन नसकेको अवस्थामा भुक्तानीका लागि पेश भएका योजनाहरुको दायीत्व गाउँसभा मार्फत आगामी आर्थिक वर्षमा सार्ने,
- अनुगमन तथा सुपरीवेक्षण समितिमार्फत भौतिक पूर्वाधारसँग सम्वन्धित योजनाहरुका साथसाथै ठूला साना ठेक्का आयोजना, कार्यालयमा खरिद गरिएको सबै जिन्सी सामाग्रीहरुको दाखिला हुनुभन्दा अगावै तथा सबै प्रकृतीका कार्यक्रमहरुको अनुगमन गरी प्रतिवेदन प्राप्ति भएपश्चात् प्रतिवेदनको आधारमा भुक्तानी प्रक्रिया अगाडि बढाउने,
- चालु आर्थिक वर्षमा यस गाउँपालिकामा उपभोक्ता समिति तथा ठेकेदारहरुसँग सम्झौता भएका गाउँपालिकास्तरीय योजनाहरु वडामा विनियोजन भएका योजनाहरुको कार्यान्वयनलाई छिटोछरीतो प्रभावकारी रुपमा सम्पन्न गराउने तर्फ वडा समिति, सम्बन्धित टोल विकास संस्था, उपभोक्ता समिति, कर्मचारीहरुलाई ताकेता गर्ने,
- अघिल्लो कार्यपालिका तथा यस कार्यपालिकाबाट गठीत विभिन्न समितिहरुमा रहेका पदाधिकारीहरुलाई पत्राचार गरी जानकारी गराउने ।

२. वि.सं. २०७२ मा जारी भएको नेपालको संविधान बमोजिम हालै सम्पन्न स्थानीय तहको दाश्रो निर्वाचन पश्चात् नवनिर्वाचित जनप्रतिनिधिहरु रहेको तपसिल बमोजिम समितिहरु पुनःगठन गर्ने तथा पहिलो कार्यपालिका बैठकबाट पूर्ण नभएका तपसिलका समितिहरुमा पदाधिकारीहरु थप गर्ने,

- <u>विधायन समिति</u>

| | |
|---|---|
| श्री सूर्य बहादुर रुम्बा | : संयोजक |
| श्री नन्द कुमारी वि.क. | : सदस्य |
| श्री दूर्गा ब. वि.क. | : सदस्य |
| श्री सूर्य बहादुर गुरुङ | : सदस्य-सचिव |

Scanned with CamScanner

- **भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति पूर्णता**

श्री दोर्जेलामा स्याङ्तान : संयोजक
श्री मानकुमारी पाखिन नेपाली : उपसंयोजक
श्री राजविर मोक्तान : सदस्य
श्री रामजी सापकोटा : सदस्य
श्री राजकुमार खड्का : सदस्य
श्री अर्जुन प्रसाद दाहाल : सदस्य
श्री जयराम तिमल्सिना : सदस्य
श्री पातलीमाया गोले : सदस्य
श्री सुन्तली वि.क. : सदस्य
श्री राम प्रसाद घिमिरे : सदस्य
श्री सुवात सिं थिङ : सदस्य
श्री रामकुमार पुडासैनी : सदस्य-सचिव

- **उद्यम विकास समिति**

श्री दोर्जे लामा स्याङ्तान : संयोजक
श्री कृष्ण प्रसाद बजगाई : सदस्य
श्री राम कुमार पुडासैनी : सदस्य
श्री लक्ष्मी कुमारी वि.क. : सदस्य
श्री भिमकुमारी देवकोटा : सदस्य
श्री सरीता तिमल्सिना : सदस्य
श्री सूर्य बहादुर गुरुङ : सदस्य-सचिव

- **उद्यम विकास अनुगमन समिति**

श्री मान कुमारी पाखिन नेपाली : संयोजक
श्री पातलीमाया गोले : सदस्य
श्री विमला भट्टराई, अधिकृत छैटौ : सदस्य
श्री राधिका सापकोटा : सदस्य
श्री सूर्य बहादुर गुरुङ : सदस्य-सचिव

**३. पहिलो गाउँसभाको कार्यतालिका सम्बन्धमा।**

आगामी आर्थिक वर्ष २०७९/८० का लागि संघ तथा प्रदेश सरकारबाट तथा गाउँपालिकाको आन्तरिक आयबाट यस गाउँपालिकालाई प्राप्त सिलिङको अधिनमा रही बजेट, नीति कार्यक्रम तथा योजना तयार गरी गाउँसभाबाट पारीत गर्न तपसिल बमोजिम कार्यतालिका निर्धारण गर्ने निर्णय सर्वसम्मतीमा गरियो।

लामा स्याङतान
अध्यक्ष

प्रशासकीय अधिकृत

Scanned with CamScanner

पहिलो गाउँसभा कार्यतालिका

| सि.नं. | विवरण | मिति |
|---|---|---|
| १ | संघ तथा प्रदेशबाट वित्तिय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्ती | २०७९ जेष्ठ २४ भित्र |
| २ | राजस्व परामर्श समितिको बैठक र प्रतिवेदन तयारी | २०७९ जेष्ठ २४ गते |
| ३ | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण बैठक र प्रतिवेदन तयारी | २०७९ जेष्ठ २६ गते |
| ४ | **विषयगत समिति बैठक** | |
| | क. आर्थिक विकास समिति | २०७९ जेठ २५ गते |
| | ख. सामाजिक विकास समिति | २०७९ जेठ २५ गते |
| | ग. पुर्वाधार विकास समिति | २०७९ जेठ २६ गते |
| | घ. वातावरण तथा विपद् व्यवस्थापन समिति | २०७९ जेठ २६ गते |
| | ङ. संस्थागत विकास सेवा प्रवाह र सूशासन समिति | २०७९ जेठ २७ गते |
| | च. विधायन समिति | २०७९ जेठ २७ गते |
| ५ | वस्ती स्तरबाट वडा समितिले आयोजना छनौट तथा प्राथमिकिकरण गरी गाउपालिकामा पेश | २०७९ असार ३ भित्र |
| ६ | विषयगत शाखाहरुबाट तोकिएको सिमाको योजना तथा कार्यक्रम प्राप्ती | २०७९ असार ३ भित्र |
| ७ | गाउपालिकास्तरीय आयोजना छनौट तथा प्राथमिकीकरण | २०७९ असार ५ भित्र |
| ८ | बजेट तयारी | २०७९ असार १ देखि ५ गते |
| ९ | बजेट तथा कार्यक्रम तर्जुमा समिति बैठक | २०७९ असार ७ गते |
| १० | कार्यपालिकाको बैठक र नीति कार्यक्रम तथा बजेट पारीत | २०७९ असार ९ गते |
| ११ | गाउ सभा उद्घाटन (बजेट, नीति तथा कार्यक्रम प्रस्तुत) | २०७९ असार १० गते |
| १२ | विषयगत समितिहरुमा छलफल | २०७९ असार ११ देखि २० भित्र |
| १३ | बजेट तथा कानून सम्बन्धमा गाउ सभा (दफावर छलफल तथा पारीत) | २०७९ असार मसान्त भित्र |

**४. योजना छनौट तथा मार्गदर्शन सम्बन्धमा ।**

वडास्तरीय योजना तथा कार्यक्रम निर्धारण गर्दा वडा कार्यालयलाई प्राप्त बजेट सिमाबाट वार्षिक अनुमान तर्जुमा गर्ने क्रममा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बजेट तर्जुमा दिग्दर्शन २०७४ तथा प्रचलित कानुनको अधिनमा रही देहाय बमोजिम हुने गरी वडालाई नीतिगत मार्गनिर्देशन गर्ने निर्णय गरियो ।

**योजना छनौटको मापदण्ड तथा मार्गनिर्देशन**

१. प्रत्येक वडालाई रु. १ करोड वडास्तरीय बजेट निर्धारण सिमा (सिलिङ) उपलब्ध गराउने ।
२. योजना छनौट गर्दा प्राप्त सिलिङलाई आधार मानि न्युनतम बजेट भएको योजना ५ लाखको हुनुपर्ने ।
३. प्राप्त सिलिङको परिधि भित्र रही वडा गौरव योजना अन्तरगत कम्तिमा १५ लाखको १ वटा वडा कार्यालय जोड्ने सडक वा वडा नजिक पर्ने सडक स्ल्याब गर्नुपर्ने ।
४. प्राप्त सिलिङको परिधि भित्र रही कम्तिमा १ वटा १० लाखको ७०/३० को स्ल्याब योजना तय गर्ने ।
५. सम्भव भए सम्म सबै विषयगत क्षेत्र(आर्थिक,पुर्वाधार,सामाजिक,वनवातावरण तथा सार्वजनिक सेवा प्रवाह) समेटिने गरि योजना छनौट गर्न सकिने ।

लामा स्याङतान
अध्यक्ष

प्रशासकीय अधिकृत

Scanned with CamScanner

६. जनसहभागीताको अभिवृद्धि गर्ने, रोजगारी सिर्जना हुने तथा पुराना अधुरा तथा क्रमागत योजनालाई उच्च प्राथमिकतामा राखि बजेट विनियोजन गर्ने ।

७. सडक सम्बन्धी योजना छनौट गर्दा दिगो र भरपर्दो निर्माण कार्य गर्ने खालका योजना छनौटलाई प्राथमिकता दिने । ग्राभेल ट्रेलिङ तथा गोरेटो निर्माण सम्बन्धि योजना छनौट नगर्ने ।

८. आगामी बजेटमा बाटो मर्मतमा मात्र भन्दा पनी बाटोको स्थायी स्तरोन्नतीमा बजेट विनियोजन गर्ने ।

९. बाटोको नया ट्राक खोल्ने मामला बस्ती र वातावरणलाई असर नपुग्ने गरी योजना छनौट गर्नु पर्ने ।

१० प्रत्येक बस्ती बाट वडा कार्यालय सम्म आउने तथा नया ट्र्याक खोल्ने खालका योजनाहरुलाई उच्च प्राथमिकता दिने ।

११ योजना कार्यान्वयन गर्दा स्थानीय स्तरमा विवाद उत्पन्न हुने तथा सामुदायिक वन तथा वन संग सम्बन्धित निकायमा समन्वय गरेर काम गर्नु पर्ने योजना छनौट गर्दा सम्बन्धित निकाय संग प्रयाप्त छलफल पछि मात्र बजेट विनियोजन गर्ने ।

१२ गत आर्थिक वर्ष र चालु आर्थिक वर्षमा सम्पन्न भएका बाटोहरुको स्तर उन्नती तथा दिगोपनाको लागि बजेट विनियोजनमा उच्च प्राथमिकता दिने ।

१३ स्थानीय वडा कार्यालयको भौतिक अवस्थाको स्तरउन्नती, सूचना प्रविधिको विकास र स्थानीय स्वास्थ्य संस्थाहरुको स्तरउन्नतीको लागि बजेट विनियोजनमा उच्च प्राथमिकता दिने ।

१४ स्थानीय लक्षित वर्गको आयआर्जन कार्यक्रम तथा आय वृद्धि गर्ने खालका कार्यक्रममा बजेट विनियोजन गर्ने ।

१५ प्राप्त सिलिङको परिधि भित्र रही वर्षात पछिको सडक मर्मत संभारमा आवश्यकता अनुसार बजेट विनियोजन गर्ने ।

१६ अन्य निकायबाट संचालित योजनामा दोहोरोपना नहुने गरि योजनाको छनौट गर्ने ।

१७ प्राप्त बजेटको सिलिङबाट सम्पन्न हुन नसक्ने योजनाहरुको हकमा गाउपालिका, प्रदेश सरकार र संघिय सरकार समक्ष पेश गर्ने गरि गाउँपालिकामा पेश गर्ने ।

१८ गरिबि निवारण,कृषि उत्पादन,बजारीकरण,पकेट क्षेत्र निर्माण तथा सहकारी संस्थाहरुको साझेदारीमा संचालन हुन सक्ने कार्यक्रम तथा योजना छनौट लाई उच्च प्राथमिकता दिने ।

१९. प्राप्त बजेट सिलिङ भन्दा बाहेक आगामी आर्थिक वर्षको लागि देहायको शिर्षकमा समेत वडा गत रुपमा बजेट विनियोजन हुने जानकारीको लागि अनुरोध गरिन्छ ।

| क्र.सं. | बजेट शिर्षक | सिलिङ रकम रु | खच शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुजीगत खर्च (वडागत) | १ लाख | बाटो मर्मत ,खानेपानी,मर्मत सम्भार लगायत अन्य भैपरी आउने पुजीगत खर्च | सम्बन्धित वडाले आफ्नो खर्च शिर्षक भित्र रही खर्च गर्ने गरि गाउपालिकामा सिफारिस गर्न सक्ने । |
| २ | चालु खर्च | १ लाख ५० हजार | कार्यलय संचालन तथा चियापान खर्च | वडा कार्यालयलाइ चाहिने नगदी रसिद, मालपोत रसिद वाहेकका अन्य कार्यालय संचालन खर्च तथा वैठकमा चिया तथा अतिथि संस्कार खर्च |
| ३ | चालु खर्च | ५० हजार | भैपरि आउने चालु प्रकृतिका खर्च तथा रु ५ हजार सम्मको आर्थिक सहायता | सम्बन्धित वडाले आफ्नो खर्च शिर्षक भित्र रही गाउपालिकामा सिफारिस गर्न सक्ने । |

५. मिति २०७८ चैत्र १२ गते शनिबारका दिन माननीय मूख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेज्यूको प्रमुख आतिथ्यतामा १० हजार भन्दा बढि जनसमूदायको वृहत सहभागितामा यस मकवानपुरगढी गाउँपालिकालाई नेपालकै चौथो, ५१ वटा सूचकमा नेपालकै दोश्रो र बागमती प्रदेशकै तेश्रो वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा समारोह भव्यताका साथ सम्पन्न गर्नका लागि आगन्तुकहरुलाई आतेजातेका लागि सवारी साधन व्यवस्थापन, विद्यार्थीहरुलाई खाजा व्यवस्थापन, विभिन्न ऱ्याली झाँकी, प्रचार प्रसार, राष्ट्रिय रुपमा चर्चीत गायकहरुको सांगितिक प्रदर्शन, वालमैत्री मञ्च, कार्यक्रमस्थल मञ्च ब्यानर, सम्मानपत्र, कदर पत्र व्यवस्थापन, खानेपानी व्यवस्थापन, आयोजकहरुलाई क्याप तथा भेष्ट व्यवस्थापन लगायतका विविध कार्यक्रमहरु सञ्चालन गरिएको खर्चको तपसिल बमोजिमको विवरण अनुगमन तथा सुपरीवेक्षणबाट अनुगमन तथा सुपरीवेक्षण गराई पेश्की फछ्यौंट सहित सोधभर्ना गर्ने गरी अनुमोदन गर्ने,

मनोज लामा स्याङतान
अध्यक्ष

प्रशासकीय अधिकृत

| क.स. | बिल न. | प्रदायक (वितरक) | खर्च विवरण | रकम |
|---|---|---|---|---|
| १ | २५ | मंच, मेट तथा टेण्ट | न्यु संगम टेण्ट हाउस एण्ड क्याटरीङ्ग तथा पार्टी हल | २४९७३०/- |
| २ | १२६० | माला, तथा मायजा, दोसल्ला, सम्मान - पत्र, पुरस्कार, विधुत वाईन व्यवस्थापन एंव सम्मानका सामग्रीहरु | गौतम नर्सरी | ८०००/- |
| ३ | १२४५ | | | १५०००/- |
| ४ | १८९ | | जय भंगार स्टोर्स | ६०००/- |
| ५ | ४५ | | श्री शिव कलेक्सन | १०६००/- |
| ६ | २०२ | | शिव अर्डर सप्लायर्स | १७९५०/- |
| ७ | ३२७ | | आर.एस. सप्लायर्स | ८३६०/- |
| ८ | ५४२ | | न्यू मिंगल स्टोर्श | १९९५०/- |
| ९ | २६० | | साइला सप्लायर्स | ३६००/- |
| १० | ४६६ | | न्यु आर.जे. इलेक्ट्रिक | ३११३७/१५ |
| ११ | ३५१ | | राहुल किराना पण्ड प्लाष्टिक पसल | १९९५०/- |
| १२ | ३६३ | पुरस्कार | नेपाल स्टेशनरी तथा जनरल अर्डर सप्लायर्स | १५३००/२० |
| १३ | १०४ | प्रचार प्रशार तथा साउण्ड सिस्टमका समाग्रीहरु, खाद्द्यान्न तथा तयारी सामग्रीहरु ढुवानी, सहभगिहरुलाई आते-जाते व्यव्स्थाका लागि बस | अग्री ट्रेड एण्ड सप्लायर्स (टि सर्ट) | ६४८६२/- |
| १४ | ५३ | | हेटौडा साउण्ड सिस्टम | २००००/- |
| १५ | ५४ | | | ५०००/- |
| १६ | ११९४ | | हेटौडा उज्यालो (जेनेरेटर) | २००००/- |
| १७ | ११८ | | चंखे ध्वनी सेवा (माईक) | १८०००/- |
| १८ | | | माईकिङ्गका लागि अटोहरुलाई भडामा लिई प्रयोग गरे र सामग्री ढुवानी गरे वापत | ६२५००/- |
| १९ | | | विश्वशान्ति लामा (सामान ढुवानी) | २५००/- |
| २० | | | विभिन्न बसहरुलाई (सहभागि आते-जाते व्यवस्था मिलाए बापतको बस भाडा) | २९४२०५.६० |
| २१ | | | अर्जुन प्रसाद बजगाई | १००००/- |
| २२ | | | कोश बहादुर बुढाथोकि | ५०००/- |
| २३ | ७१३,७१८, ७०६, ७०१,६९१, ६६३,५०३ | | विश्व आर्ट | १३२७३९/- |
| २४ | ७३,७४ | | विश्व प्रिन्टिङ सोलुसन | १३०४९२/- |
| २५ | १११७,१११८,१११९,११२० | खाना, खाजा, चिया तथा पानि , कुक ज्याला | अम्बिसा होटल | ६५६८०/- |
| २६ | ८७, ८८, ८९ | | उत्तम जल मिनरल वाटर उधोग प्रा.लि. | ४७२५२/३४ |
| २७ | ९९ | | निजानन्द सप्लायर्स | ७६५/- |
| २८ | ९० | | कभ्रे दुग्ध खरिद विक्रि केन्द्र | १९८७०/- |
| २९ | १५ | | गढी सप्लायर्स | ७४००/- |
| ३० | १८ | | | २०५०/- |
| ३१ | १४ | | बिमला किराना एण्ड कोल्ड स्टोर्स | १६८५/- |
| ३२ | | | कुक ज्याला | २६५००/- |

दोर्जे लामा स्याङतान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| क.स. | बिल न. | प्रदायक (वितरक) | खर्च विवरण | रकम |
|---|---|---|---|---|
| | | | किशन किराना स्टोर्स | ८०७५/- |
| ३३ | २६ | | हरियालि सप्लायर्स | ६२५०/- |
| ३४ | ८०० | | न्यू वहाव ट्रेडर्स | ४६९४९/९९ |
| ३५ | ३९१ | | अप्सरा इन्टरप्राईजेज | १३२६५/- |
| ३६ | ३०७ | | | १७५५०/- |
| ३७ | ३०६ | | | १८६७५/- |
| ३७ | ३०५ | | दरबार रेष्टुरेष्ट तथा कटेज | ३५००/- |
| ३८ | १४३ | | लामा होटल एण्ड लज | ६६५/- |
| ३९ | २४७ | | राम पौडेल ( खानेपानि धारा मर्मत) | २०००/- |
| ४० | | मर्मत तथा सरसफाई | खाना खुवाउने स्थल सरसफाई | ४८००/- |
| ४१ | | | पत्रकार यातायात खर्च | १८०००/- |
| ४२ | | पारीश्रमिक, बास तथा यातायात एवं सहिद पिता नगद सम्मान | सहकारी तथा संघसंस्थाकर्मिलाई यातायात | १३०००/- |
| ४३ | | | कलाकार पारीश्रमिक (३ जनाको एकमुष्ट) | १०५०००/- |
| ४४ | | | कृष्ण प्रसाद घिमिरे ( नगद) | ६७००/- |
| ४५ | | | होटल एभोकाडो | १४२६८।५१ |
| ४६ | ३५६४ | | खैजडी भजन प्रस्तोता (यातायात) | १५०००/- |
| ४७ | | झाँकि प्रर्दसनि | लामा झाँकि | २००००/- |
| ४८ | | | ह्याग्रिव आचार्य | ६०००। |
| ४९ | | भासिक मुद्दता हेरेको | | १६६१७७६।७९ |
| जम्मा खर्च | | | | ५४००००।०० |
| पेश्कि रकम | | | | ११२१७७६।७९ |
| निकाशा माग गरिएको रकम | | | | |

६. **विविधका सम्बन्धमा तपसिल बमोजिमका निर्णय सर्वसम्मत रुपमा गरियो ।**

- शशर्त अनुदान तर्फको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत यस गाउँपालिकाको विभिन्न वडामा रहेका खरको छानो भएका तपसिलका छुट लाभग्राहीहरुलाई खरको छानो विस्थापन कार्यक्रम अन्तरगत तोकिएको मापदण्डको अधीनमा रही खरको छानो विस्थापन कार्यक्रममा सहभागी गराउने,

| क्र सं. | छुट लाभग्राहीको नाम, थर | वडा नं. |
|---|---|---|
| १ | राजुमान बल | ७ |
| २ | रामशरण लम्साल | ७ |
| ३ | ठुलीमाया तामाङ | १ |
| ४ | दिपक लुङ्वा | १ |
| ५ | माइलीमाया मुक्तान | २ |
| ६ | टलक बहादुर घिसिङ | २ |

...लामा स्याङतान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- गाउँपालिकाभित्र सञ्चालित रहेका क्रसर उद्योगहरुको नाममा रहेको जरिमाना तथा बक्यौता रकम गाउँपालिकाको राजश्व खातामा दाखिला गरेको अवस्थामा जेठ मसान्त भित्र वातावरणीय प्रभाव मुल्यांकन गरेको क्षेत्रबाट तोकिएको सिमा तथा मापदण्डको अधीनमा रही सम्बन्धित क्रसर उद्योगलाई नदीजन्य पदार्थ उत्खनन गर्न अनुमति दिने,
- वर्षातको समयमा आउने बाढीबाट सामरी खोला नजिक रहेका बस्तिहरुको संरक्षण गर्न शिवम् सिमेन्टमार्फत यस गाउँपालिकाको विभिन्न वडालाई सहयोग स्वरुप उपलब्ध गराउने भनिएको ब्याक्हो लोडर तथा एक्साभेटर सम्बन्धित वडाका वडा अध्यक्षसँगको समन्वयमा प्रयोगमा ल्याउने तथा सोको खर्च तथा कार्यसम्पन्न सिफारीस सम्बन्धित वडाबाटै मिलाउने व्यवस्था गर्ने,
- Hetauda Journalism Award, 2079 को लागि New Media Academy pvt. ltd ले प्रस्ताव गरेको प्रस्तावनामा स्विकृत भएको रु. ४० हजार रकम अनुमोदन गर्ने,
- स्थानीय पत्रिकाहरुमा प्रकाशन हुने सूचना तथा विज्ञापन खर्च बढिमा ३ हजार सम्म भुक्तान गर्ने व्यवस्था मिलाउने,

[illegible] लामा स्याङतान
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner